# कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**सुगर तथा प्रेसरको औषधि निःशुल्क वितरणको लागि औषधि आपूर्ति सम्वन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८०/०१/१२)

यस कीर्तिपुर नगरपालिकामा सुगर तथा प्रेसरको औषधि निःशुल्क वितरणको लागि औषधि आपूर्ति गर्न सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईजाजत प्राप्त सप्लायर्स, थोक विक्रेता तथा कम्पनीहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम खरिद, दर्ता, खोलीने तथा दस्तुर सम्बन्धी विवरण तपशिलमा उल्लेख भए बमोजिम हुनेछ ।

२. दरभाउपत्र फारम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

३. शिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफुले कबुल गरेको दर अंक र अक्षरको २.५ प्रतिशत (दुई दशमलब पाँच प्रतिशत)ले हुने रकम धरौटीको रुपमा यस नगरपालिकाको नाममा कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय कीर्तिपुरमा रहेको धरौटी खात नं. **०२१११०००४७२७७१२५** मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।

४. दरभाउपत्रदाताले आफुले कबोल गरेको दररेटलाई अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ र कुल जम्मा प्रस्ताव गरेको रकम अनिवार्य रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । कुल जम्मा रकम उल्लेख नगरिएको र प्रतिएकाई दररेटको योगफल नमिलेको दरभाउपत्र स्वतः रद्द हुनेछ । अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. बिल अफ कवान्टिटीजमा उल्लेखित सामानहरुको परिमाणमा प्रति एकाईमा उल्लेख गरिएको छ । दरभाउपत्र दाताले कबोल गरेको दररेटमै सामान उपलब्ध गराउनु पर्नेछ । कबोल गरेको दररेट आ.व.२०८१/०८१ सम्म मात्र मान्य रहनेछ । आपूर्ती हुने सामान एकमुष्टमा सबैभन्दा घटी कबोल गर्ने दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत गरिनेछ । दरभाउपत्र स्वीकृत भई कार्यालयले माग गरेको अवधि भित्र सामान उपलब्ध गराउनुपर्नेछ ।

६. दरभाउपत्र फाराममा सामानको उत्पादक कम्पनीको नाम र उत्पादन भएको देश अनिवार्य रुपले भर्नु पर्नेछ । उत्पादक कम्पनीको नाम र उत्पादन भएको देश उल्लेख नगरेको फर्म मान्य हुने छैन । उक्त कम्पनी सम्बन्धित निकायबाट मान्यता प्राप्त गरेको नोकरी पब्लिकबाट प्रमाणित प्रमाणपत्र र कम्पनीबाट प्राप्त Authorized Letter नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न राख्नु पर्नेछ ।

७. आपूर्तिकर्ताले सप्लाई गरेको सामानहरुको गुणस्तरमा शंका लागी परीक्षण गर्नु पर्ने भएमा आपूर्तिकर्ता स्वयमले परीक्षण गराई परीक्षणको पत्रमाण पत्र पेश गर्नु पर्नेछ । परीक्षणमा लाग्ने खर्च आपुर्तिकर्ता स्वयमले नै बेहोर्नुपर्नेछ ।

८. नगरपालिकाको हितलाई ध्यानमा राखि प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सर्म्पूण अधिकार यस कीर्तिपुर नगरपालिकामा सुरक्षित रहनेछ ।

९. यो सूचनामा उल्लेख भएका कुरा यसै बमोजिम र उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमाली, २०६४ तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ ।

१०. अन्य थप केही कुराहरु बुझ्न परेमा यस नगर कार्यपालिकाको कार्यालय, जिन्सी शाखा/स्वास्थ्य शाखामा कार्यालय समयभित्र कार्यालयको फोन नं. ०१३३१६९३, ०१४३३१८०५ वा ईमेल ठेगाना ict.munkirtipur@gmail.com वा वेवसाईट www.kirtipurmun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल :**

| क्र.सं. | ठेक्का नं. | सामग्रीको विवरण | लागत अनुमान | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति, समय र स्थान | दरभाउपत्र दर्ता गर्ने र खोल्ने मिति समय र स्थान | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | KRM ०१/२०८ ०/८१ | सुगर तथा प्रेसरको औषधि निःशुल्क वितरणको लागि औषधि आपूर्ति | **रु.४१,३३,४५८.३१।-** (एकचालिस लाख तेत्तिस हजार चार सय अन्ठाउन्न रुपैया एकतिस पैसा मात्र) | प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र । की.न.पा. कार्यालय (कार्यालय समय भित्र) | १६ औं दिन, दिउसो २:०० बजे की.न.पा कार्यालयमा खोलिने । | रु.१०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

# कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

### भुलसुधारको सूचना

यस कीर्तिपुर नगरपालिकामा सुगर तथा प्रेसरको औषधि निःशुल्क वितरणको लागि औषधि आपूर्ति गर्न सिलबन्दी दरभाउपत्रको आव्हानको मिति २०८०।०५।१२ गते नेपाल समाचारपत्रमा प्रकाशित सूचनामा देहायको विवरण अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

१. सूचनाको बुँदा नं. ३ मा "७५ दिनको म्याद भएको बैंक ग्यारेन्टी (विडवन्ड) दरभाउपत्रसाथ पेश गर्नुपर्ने" कुरा छुट भएको ।
२. सूचनाको बुँदा नं. ५ मा आ.व. २०८०/८१ हुनुपर्नेमा अन्यथा भएको ।

**प्रमुख प्रशासकीय अधिकृत**